## चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/३०)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ को उपदफा १ को खण्ड (घ) बमोजिम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकारमा सिफारिस गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा "चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" अनुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ:-

**(अ) उपाध्यक्ष पदको लागि योग्यता तथा अनुभव**

(क) ऐनको दफा २४ को उपदफा (१) को खण्ड (क) बमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको,

(ख) ऐनको दफा २४ को उपदफा (१) को खण्ड (ख) बमोजिम शिक्षण संस्थाका बहालवाला वा अवकाश प्राप्त उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक वा चिकित्सा शिक्षा विज्ञको रूपमा ख्याति प्राप्त गरेको,

(ग) राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा २४ को उपदफा (१) को खण्ड (ग) बमोजिम सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) चिकित्सा शिक्षाको क्षेत्रमा निजी स्वार्थ नभएको,

(च) उच्च नैतिक चरित्र कायम गरेको,

(छ) ऐनको दफा २५ बमोजिमको अयोग्यता नभएको ।

**(आ) उम्मेदवारले दरखास्त साथ देहायका विवरण खुल्ने स्वयम् प्रमाणित कागजात समावेश गर्नु पर्नेछ:-**

(क) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव खुल्ने प्रमाणित कागजात,

(ङ) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजात,

(च) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(छ) दरखास्त दिने अन्तिम मितिसम्म पैतालीस वर्ष पुरा भई पैसट्ठी वर्ष उमेर ननाघेको बेहोरा खुलेको प्रमाण,

(ज) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(झ) दरखास्त दिने पदसँग सम्वन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(ञ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्वःघोषणा,

(ट) दरखास्त दस्तुर तिरेको रसिद,

(ठ) व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper),

<u>स्पष्टीकरणः</u>

(१) व्यावसायिक कार्ययोजनासहितको सोचपत्रमा चिकित्सा शिक्षा आयोगको अवधारणा, चिकित्सा शिक्षा क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसर एवम् भावी रणनीतिक योजनासमेत समावेश गरिएको हुनुपर्ने छ । उल्लिखित व्यावसायिक कार्ययोजनासहितको सोचपत्र यस कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहित नेपाली वा अङ्ग्रेजी भाषामा ए फोर साइजको कागजमा कम्प्युटर टाइप गरिएको ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरी तीन प्रति पेश गर्नुपर्नेछ ।

(२) पेश गरेको व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनुपर्ने छ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनुपर्नेछ ।

(३) व्यावसायिक कार्ययोजना सहितको दुई प्रति सोचपत्र खाम भित्र राखी शिलबन्दी गरिएको हुनुपर्नेछ ।

(४) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

(इ) **दरखास्त पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनको कार्यालय समय भित्र (मिति २०८३/०२/१३ गते भित्र) । (अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

(ई) **दरखास्त पेश गर्ने स्थानः** चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर ।

(उ) **दरखास्त दस्तुर** : उम्मेदवारले दरखास्त दस्तुर वापत रू. ५,०००/- (पाँच हजार) चिकित्सा शिक्षा आयोगको कार्यालय कोड ३५०२१३३०२ राजश्व शिर्षक नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) राष्ट्रिय वाणिज्य बैङ्क वा नेपाल बैङ्क लिमिटेडमा बुझाउनु पर्नेछ ।

"चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्वन्धी कार्यविधि २०८३" र यो सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय को वेवसाइट https://moest.gov.np र चिकित्सा शिक्षा आयोगको वेवसाइट https://www.mec.gov.np/np मा समेत हेर्न सकिनेछ । यस सम्वन्धमा थप जानकारीका लागि चिकित्सा शिक्षा आयोग, सानोठिमी (सम्पर्क नं.०१-६६३९४१५) मा सम्पर्क राख्न सकिने छ ।